# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## कोटहीमाई गाउँपालिका

## रुपन्देही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## कोटहीमाई गाउँपालिका

रुपन्देही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ८४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कोटहीमाई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुपन्देही ।

**कैफियत सहितको राय**

हामीले कोटहीमाई गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड ६५ लाख ४२ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.६६ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रु.१९ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ११ लाख ६३ हजार र नियमित गर्नुपर्ने रु.३ करोड ३३ लाख ६३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१२ करोड ७२ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ३२ लाख ५३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

कोटहीमाई गाउँपालिका, रुपन्देही

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७६ | ९३ | ५६५४२ | ० | ४ | ६६ | ७६ | ८९ | ५६४७६ | १९५० | ३३३६३ | २११६३ | ० | ० | ५४५२६ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २५ | कार्यक्रम सम्बन्धी भत्ता | १०२००।- |
| २ | ८२.१ | दिवा खाजा | ३६४४०।- |
| ३ | ७६.१ | थप पाठ्यपुस्तक वितरण | १९८५५।- |
| | | **जम्मा** | **६६४९५।-** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| कोटहीमाई गाउँपालिका, रुपन्देही | १२७२२१ | ० | ४४४ | १२६७७७ | ० | ५६४७६ | १८३२५३ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कोटहीमाई गाउँपालिका, रुपन्देही , कोताहिमै गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अनन्तपाणी मरासिनी | २०७८-७-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निरञ्जन ज्ञवाली | २०७७-८-८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,४७६,००४.८१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ४,२७,३२,१६४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,१७,३२,००० | **चालु खर्च** | २५,८५,५१,८०० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५९,८३,००० | **पूँजीगत खर्च** | १५,७६,७२,६७१ |
| **राजश्व बाँडफाँट** | १०,८४,८२,३१६ | **वित्तीय/अन्य व्यवस्था** | १५,४७,७१,९०४ |
| **आन्तरिक आय** | ४९,५३,७७२ | | |
| **अन्य आय** | १४,४४,५७,७२९ | | |
| **कुल आय** | ६०,५६,०८,८१७ | **कुल खर्च** | ५७,०९,९६,३७५ |
| **बाँकी मौज्दात** | | ७,७३,४४,६०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कोटहीमाई गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदानगर्नु कोटहीमाई गाउपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा २३ सभा सदस्य, ५८.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१ हजार ६ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि -** लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।१०।२८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **वित्तीय अवस्था** | |

| आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्तीभुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ४६,१७,८६,७११.०० | ४३,३०,९७,८३६.०६ | | ४३,३०,९७,८३६.०६ | ४४,४४,३२,४६७.८५ | | ४४,४४,३२,४६७.८५ |
| **क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने)** | | ४५,४०,३४,८५७.०० | ४२,६८,१०,९७५.०६ | ० | ४२,६८,१०,९७५.०६ | ४३,८४,७६,०६८.८५ | ० | ४३,८४,७६,०६८.८५ |
| ११००० कर | ११ | ९,२४,२९,५००.०० | १०,६५,८७,७६३.१८ | ० | १०,६५,८७,७६३.१८ | ८,३४,०९,७२३.८५ | ० | ८,३४,०९,७२३.८५ |
| १३००० अनुदान | | ३४,८२,१५,०००.०० | ३१,१६,२०,८७५.९६ | ० | ३१,१६,२०,८७५.९६ | ३५,१६,४०,३५०.०० | ० | ३५,१६,४०,३५०.०० |
| संघीय सरकार | १२ | ३१,२२,३२,०००.०० | २७,९५,५१,९१२.९६ | ० | २७,९५,५१,९१२.९६ | ३०,८७,३४,३५०.०० | ० | ३०,८७,३४,३५०.०० |
| प्रदेश सरकार | १२ | ३,५९,८३,०००.०० | ३,२०,६८,९६३.०० | ० | ३,२०,६८,९६३.०० | ४,२९,०६,०००.०० | ० | ४,२९,०६,०००.०० |
| १४००० अन्य राजस्व | | १,०५,००,०००.०० | ७७,६५,८६६.९२ | ० | ७७,६५,८६६.९२ | ३४,२५,९९५.०० | ० | ३४,२५,९९५.०० |
| १५००० विविध प्राप्ति | | २८,९०,३५७.०० | ८,३६,४६९.०० | ० | ८,३६,४६९.०० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ७७,५१,८५४.०० | ६२,८६,८६१.०० | | ६२,८६,८६१.०० | ५९,५६,३९९.०० | | ५९,५६,३९९.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ७७,५१,८५४.०० | ५०,६८,७५४.०० | ० | ५०,६८,७५४.०० | ५०,००,०००.०० | ० | ५०,००,०००.०० |
| धरौटी | | ० | १२,१८,१०७.०० | ० | १२,१८,१०७.०० | ९,५६,३९९.०० | ० | ९,५६,३९९.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५०,३४,२२,५२८.८० | ४२,८८,७७,५००.२१ | | ४२,८८,७७,५००.२१ | ३५,४२,६४,७०३.६२ | | ३५,४२,६४,७०३.६२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट ) | | ४९,५६,७०,६७४.८० | ४१,६२,२४,४७०.८६ | | ४१,६२,२४,४७०.८६ | ३४,६६,३२,५२५.६२ | | ३४,६६,३२,५२५.६२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,४४,४६,०००.०० | १०,६०,४९,२७३.४८ | ० | १०,६०,४९,२७३.४८ | ११,२८,७४,७९७.४३ | ० | ११,२८,७४,७९७.४३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,८९,९१,५००.०० | ११,५१,५७,८४५.३८ | ० | ११,५१,५७,८४५.३८ | १०,०३,०५,२२५.८६ | ० | १०,०३,०५,२२५.८६ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | -७,५००.०० | ० | -७,५००.०० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (भित्री तालिका तल) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | २,२८,२२,०००.०० | १,९९,९२,१४५.०० | ० | १,९९,९२,१४५.०० | १८,००,०००.०० | ० | १८,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,२९,९६,०००.०० | १,२४,३४,७६५.०० | ० | १,२४,३४,७६५.०० | ४०,१८,१५४.०० | ० | ४०,१८,१५४.०० |
| २८००० अन्य खर्च | १८ | ५१,७६,१६३.८० | ४९,२५,२७१.०० | ० | ४९,२५,२७१.०० | ७,६३,८००.०० | ० | ७,६३,८००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,१२,३९,०११.०० | १५,७६,७२,६७१.०० | ० | १५,७६,७२,६७१.०० | १२,६८,७०,५४८.३३ | ० | १२,६८,७०,५४८.३३ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ७७,५१,८५४.०० | १,२६,५३,०२९.३५ | | १,२६,५३,०२९.३५ | ३५,४२,६४,७०३.६२ | | ३५,४२,६४,७०३.६२ |
| कोषहरु | | ७७,५१,८५४.०० | ६६,२५,३९३.५४ | ० | ६६,२५,३९३.५४ | ५९,५१,५०८.०० | ० | ५९,५१,५०८.०० |
| धरौटी | | ० | ६२,००,७२९.०० | ० | ६२,००,७२९.०० | १६,८०,६७०.०० | ० | १६,८०,६७०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,७३,०९३.१९) | | (१,७३,०९३.१९) | | | |
| ङ. यो वर्षको | | (४,१६,३५,८१७.८०) | ४२,२०,३३५.८५ | | ४२,२०,३३५.८५ | ९,०१,६७,७६४.२३ | | ९,०१,६७,७६४.२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बचत (न्युन) | | | | | | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,०३,९८,२८६.६० | | ५,०३,९८,२८६.६० | ७९,१६,४२१.५६ | | ७९,१६,४२१.५६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,१६,३५,८१७.८०) | ५,४६,१८,६२२.४५ | | ५,४६,१८,६२२.४५ | ९,८०,८४,१८५.७९ | | ९,८०,८४,१८५.७९ |

**स्थानीय संञ्चित कोषः** स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिका भित्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट

GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा रु. ८९२५६६३६९.७ फरक परेको छ ।

| **विवरण** | **म.ले.प.फा.नं. २७२** | **एकीकृत आय व्यय विवरण** | **फरक** |
|---|---|---|---|
| गत वर्षको अल्या | ५०३९८२८६.६ | ६०५६०८८१७ | ५५५२१०५३०.४ |
| यस वर्षको आम्दानी | ४३३०९७८३६.०६ | ६०५६०८८१७ | १७२५१०९८०.९ |
| यस वर्षको खर्च रकम | ४२८८७७५००.२१ | ५७०९९६३७५ | १४२११८८७४.८ |
| बाँकी मौज्दात | ५४६१८६२२.४५ | ७७३४४६०६ | २२७२५९८३.६ |
| | | **जम्मा** | **८९२५६६३६९.७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.४३,४०,४३६.२९।- रपुँजीगत खर्च खातामा रु.१,२१,७०,८८२।- गरी रु.१,६५,११,३१८.२९ ।-मौज्दात राखेको र २०७९ श्रावण १९ गते आएर मात्र संचित कोषमा ट्रान्सफर गरेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता,भ्रमण भत्ता,तालिम,गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र आंशिक दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २० को नियम र खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य,ज्याला,भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २९ जनाको दरबन्दी रहेकोमा ४ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमाउप प्रमुखले मिति२०७८। ०३।१०गते रु.४९करोड ५६लाख ७०हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति२०७८।०३।१०मा पारित भएको छ ।यसैगरी स्थानीय तहका उप-प्रमुखले मिति२०७८। ०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।<br>
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th></th><th colspan="4">त्रैमासिक खर्च</th></tr>
<tr><th>प्रथम त्रैमासिक</th><th>दोस्रो त्रैमासिक</th><th>तेश्रो त्रैमासिक</th><th>चौथो त्रैमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>२५८५५१७९९.८६</td><td>४२०६६०१५.४८</td><td>४२०६६०१५.४८</td><td>७५९३९०९४.१६</td><td>१०४४१३८१८.४७</td><td>७२२४३५०२.१२</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१५७६७२६७१.००</td><td>४९४८५३९.००</td><td>७१०८६२१.००</td><td>६२१५८१११.००</td><td>८३४५७४००.००</td><td>४८७१४३६४.००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | **४१६२२४४७१** | **४७०१४५५४** | **४९१७४६३६** | **१३८०९७२०५** | **१८७८७१२१८** | **१२०९५७८६६** |
| **प्रतिशत** | **१००** | **११.३** | **११.८१** | **३३.१८** | **४५.१४** | **२९.०६** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४१६२२४४७१।-निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४७०१४५५४।-अर्थात ११.३०प्रतिशत, दोश्रो त्रैमासिकमा रु.४९१७४६३६।-अर्थात११.८१प्रतिशत, तेश्रो त्रैमासिकमा रु.१३८०९७२०५।-अर्थात३३.१८प्रतिशत र चौथोत्रैमासिकमा रु.१८७८७१२१८।-अर्थात४५.१४प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१२०९५७८६६।-अर्थात२९.०६प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | १७६०४०००.०० | १३५९८५७५.०० | ३.२७ |
| सामाजिकविकास | २४२८८९५००.०० | २१०४६५२०७.९६ | ५०.५७ |
| पूर्वाधारविकास | १३३६८४०११.०० | १०६८७२९६२.०० | २५.६३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५२२८८०६.८ | ९८०१९३६.०० | २.३६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८६२६४३५७०.०० | ७५४८५७८९.९ | १८.१७ |
| **जम्मा** | **४९५६७०६७४.८०** | **४१६२२४४७०.८६** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.५७ प्रतिशत रसुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.३६ प्रतिशत खर्च रहेको छ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**खर्च बिश्लेषण** - पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु४९५३७७२।-राजस्व बाँडफाँड र अनुदानबाट रु४५६१९७३१६।-समेत रु ४६११५१०८८।-आम्दानी भएकोमा चालु तर्फ रु२५८५५१७९९।-र पूँजिगत तर्फ रु१५७६७२६७१।-समेत रु४१६२२४४७०।-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा१.१९प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु८०९६२००।-खर्च भएको छ जुन आन्तरिक आयको१.२०प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.१२ प्रतिशत चालु र३७.८८प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**लक्ष्य प्रगति -** कार्यालयले त्रैमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ५७६ | १७ | ५ | ६ | १० |

७५ प्रतिशत भन्दा माथि प्रगति ५३१</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ७६ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको भएतापनि उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, शिक्षा अधिकृत सहित ५ पदहरु रिक्तरहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.६६९७००।-बजेटबाट खर्च गरेको छ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | २ | ६६९७०० |
| **जम्मा** | | **२** | **६६९७००** |
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>आयको अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४७,५०,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८।७९ मा रु.४९,१३,५०२।- अर्थात अनुमान भन्दा ३.४२प्रतिशतआढि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १६ | | | **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: २६७०१५३६१.८२; **आन्तरिक आय**: ४९१३५०२; **आन्तरिक आय प्रतिशत**: १.८४<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १७ | | | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| २६७०१५३६१.८२ | ४९१३५०२ | १.८४ |

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५००००० | ५६७५० | १.१५ |
| घरजग्गा वहाल कर | ५०००० | १९८२५३ | ४.०३ |
| व्यवसाय कर | ५००००० | २२१३४० | ४.५० |
| भुमिकर मालपोत | १०००००० | ७८९३५० | १६.०६ |
| प्रशासनिक सेवा शुल्क | ५००००० | १३३००० | २.७१ |
| नक्सापास दस्तुर | ० | ४२४७३ | ०.८६ |
| सिफारिस दस्तुत | ५००००० | ६२०८८१ | १२.६४ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ४३६३३० | ८.८८ |
| बेरुजु | ० | ८३६४६९ | १७.०२ |
| अन्य राजश्व | ५००००० | ८८६१४२.०४ | १८.०३ |
| अन्य कर | ४५०००० | ६९२५१४ | १४.०९ |
| **जम्मा** | **४५०००००** | **४९१३५०२.०४** | **१००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| १८ | | | **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कूनैपनि कर संकलन गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| १९ | | | **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| २० | | | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,२१,३४०।- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छून । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छून । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २१ | | | **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले ३ वटा सफ्टवेयर खरिद गरी रु.१४,७६,६६०।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| २२ | | | **कोभिड १९ नियन्त्रण तथा रोकथाम कार्यक्रम** - यस गाउँपालिकालेकोभिड १९ नियन्त्रण तथा रोकथाम कार्यक्रमअन्तर्गत विभिन्न मितिमा खोप कार्यक्रम संचालन गर्दा विभिन्न स्वास्थ्यकर्मी, कर्मचारी र जनप्रतिनिधिहरुलाईव्यव्स्थापन, अनुगमन तथा ढुवानीमा खटिएको भनी भत्ता वितरण भरपाई राखी रु ४३२३००।– खर्च लेखेको पाइयो तर कार्यक्रम के कसरी गरियो, लाभग्राही विवरण, खटिनेको दैनिक विवरण, अनुगमन प्रतिवेदन केही पेश भएको पाइएन। यसरी भत्ता भरपाई मात्र राखी खर्च लेख्दा कार्यक्रमको पुष्टाई हुन नसकेकोले कार्यक्रम सम्कन्धी प्रतिवेदन पेश हुनुपर्ने रु | ४३२,३०० |
| २३ | | | **शिक्षा चालुतर्फ -** पालिकाले प्राप्त समानीकरण अनुदानबाट शिक्षा क्षेत्रमा विनियोजित बजेटबाट विभिन्न शीर्षक तथा कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका विद्यालयलाई शैक्षिक तथा मन्टेश्वरी सामाग्री खरिद गरी वितरण गरेको पाइयो। नियमानुसार वितरण भएको सामाग्रि विद्यालयको सम्पत्ति खातामा दर्ता भएको सुनिश्चित गर्नमा निम्ति पालिकाले विद्यालयलाई हस्तान्तरण गरेका सामाग्रीको जिन्सी दाखिला माग गरी भरपाईमा संलग्न गराउनुपर्ने हुन्छ।तर पालिकाले देहायका शैक्षिक तथा मन्टेश्वरी सामाग्री वितरण गरेको तर विद्यालयको जिन्सी दाखिला तथा विद्यालयले वितरण गरेको भरपाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु | २,७६१,३६८ |

| गो भौ नं मिति | वितरण गरेको सामाग्री विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३८ २०७९।०३।१४ | मन्टेश्वरी कक्षा सामाग्री | ६८१८२४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३९ २०७९।०३।१४</td><td>All in One & Work Book</td><td>५८८०००</td><td></td></tr>
<tr><td>३६ २०७८।०३।०९</td><td>शैक्षिक क्यालेण्डर</td><td>९९१५७</td><td></td></tr>
<tr><td>३३ २०७९।०३।०७</td><td>स्थानीय पाठ्यक्रम</td><td>५९८३८७</td><td></td></tr>
<tr><td>५ २०७९।०३।०९</td><td>७ डेक्सटप ,७ प्रिन्टर, २ ल्याप्टप</td><td>७९४०००</td><td>२ ल्याप्टप, १ डेक्सटप तथा १ प्रिन्टर पालिकाले कार्यालयको शिक्षा शाखामा प्रयोग गरेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२७६१३६८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कार्यसम्पादन मूल्याङ्कन भत्ता - कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरेवापत कर्मचारीहरुलाई बैठक भत्ता दिने व्यवस्था देखिदैन। कार्यालयले कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा बैठक बसेको जनाई विभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई रु २२,५००/- भत्ता भुक्तानी गरेको देखियो।अतः नियममा व्यवस्था नभएको अवस्थामा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन बैठक भत्ता निम्नानुसारको व्यक्तिहरूलाई भुक्तानी गरेकोले करकट्टा पछिको रकम रु १९,१२५/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>नाम थर</th><th>पद</th><th>बैठक संख्या</th><th>कर कट्टा गरी भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>धर्मा अर्याल बेल्बासे</td><td>जि स अ अध्यक्ष</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>२.</td><td>बिक्रम थापा</td><td>प्रशासकिय अधिकृत</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>३.</td><td>अनन्तपाणि मरासिनी</td><td>प्र.प्र.अधिकृत</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>४.</td><td>लक्ष्मी शर्मा</td><td>शाखा अधिकृत</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>५.</td><td>निरञ्जन ज्ञवाली</td><td>लेखा अधिकृत सातौं</td><td>१</td><td>१२७५</td></tr>
<tr><td>६.</td><td>दिनेश प्रसाद बस्याल</td><td>ना सु</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>७.</td><td>हिरा खड्का</td><td>सब इन्जिनियर</td><td>२</td><td>२५५०</td></tr>
<tr><td>८.</td><td>भिम प्रसाद सापकोटा</td><td>सहायक पाचौं</td><td>२</td><td>२५५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९१२५</td></tr>
</table>
</td><td>१९,१२५</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कार्यक्रम सम्बन्धि भत्ता<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२४ को निर्णयबाट रु. १०२००।- सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको।)</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
बैठक भत्ता खर्च<br><br>
लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ, साथै बुदा न १(ङ) मा बैठकमा सहायक कर्मचारी एक जना र सहयोगी कर्मचारी एक जनाका साथै विशेष सेवा आवश्यक परेको अवस्थामा बढिमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्र सकिने व्यवस्था छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्न भौचरबाट पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गर्दा सम्बन्धित पदाधिकारीले गर्नुपर्ने काममा र कार्यविधिले तोकेको भन्दा बढी आमन्त्रित राखी भुक्तानी गरेको पाइयो। यसरी निर्देशिकाको उक्त प्रावधान विपरित भत्ता खर्च लेखेकोले अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विवरण</th><th>अन्य आमन्त्रित</th><th>रकम</th></tr>
<tr><td>८३७ २०७९।०३।२१</td><td>राजश्व परामर्श समिति</td><td>९</td><td>९०००</td></tr>
<tr><td>५४३ २०७८।१२।२१</td><td>कार्यपालिका बैठक</td><td>९</td><td>२७०००</td></tr>
<tr><td>५४४ २०७८।१२।२१</td><td>LISA सम्बन्धी बैठक</td><td>१२</td><td>७५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>१११०००</td></tr>
</table>
</td><td>१११,०००</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विधालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विधार्थी संख्या</th></tr>
<tr><td>१</td><td>श्री मर्चवार आदर्श मा वि</td><td>२३</td><td>२३</td><td>७</td><td>१४३१</td></tr>
<tr><td>२</td><td>श्री मर्यादपुर मा वि</td><td>१०</td><td>९</td><td>५</td><td>५९४</td></tr>
<tr><td>३</td><td>श्री बोगडी मा वि</td><td>८</td><td>७</td><td>३</td><td>१२१७</td></tr>
<tr><td>४</td><td>श्री जानकी मा वि</td><td>७</td><td>६</td><td>२</td><td>६७८</td></tr>
<tr><td>५</td><td>श्रीराम मा वि</td><td>८</td><td>८</td><td>४</td><td>३८१</td></tr>
<tr><td>६</td><td>श्री लालबिहारी मा वि</td><td>६</td><td>६</td><td>२</td><td>२४१</td></tr>
<tr><td>७</td><td>श्री तुनिहवा मा वि</td><td>८</td><td>६</td><td>२</td><td>३११</td></tr>
<tr><td>८</td><td>श्री कृषक नि मा वि</td><td>४</td><td>४</td><td>१</td><td>२७४</td></tr>
<tr><td>९</td><td>श्री पकडी आधारभुत विद्यालय</td><td>५</td><td>४</td><td>२</td><td>१३०</td></tr>
<tr><td>१०</td><td>श्री कटया प्रा वि</td><td>४</td><td>४</td><td>०</td><td>३४९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>शिवशक्ति प्रा वि</td><td>३</td><td>३</td><td>०</td><td>८३</td></tr>
<tr><td>१२</td><td>श्री गणेश सामुदायिक प्रा वि</td><td>१</td><td>१</td><td>०</td><td>२०७</td></tr>
<tr><td>१३</td><td>श्री समयमाइ प्रा वि</td><td>१</td><td>१</td><td>१</td><td>८१</td></tr>
<tr><td>१४</td><td>श्री नवदुर्गा प्रा वि</td><td>१</td><td>१</td><td>१</td><td>११०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>८९</td><td>८३</td><td>३०</td><td>६०८७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९४ लाख ८५ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बढी भुक्तानी - अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत लालबिहारी मा वि सिपवालाई निर्माण कार्य वापतको भुक्तानी दिदा नापी तथा कार्य सम्पन्नमा आइटम नं ७ MS ढोकाको परिमाण २६२.८० के जी उल्लेख भएको तर बिल भरपाइ मात्र ११५ के जी को पेश भएको पाइयो। पालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा सम्पन्न भएको कार्यको यकिन हुने गरी मालसामानको बिल भरपाइ संलग्न गराउनुपर्दछ। कार्य स्वीकार बराबरको सामाग्रीको बिल भरपाईमा नहुदा सम्बन्धित लाभग्राहीलाई रु २२५६४।- बढी भुक्तानी भएको रकम यकिन गरी असुल गर्नुपर्ने देखिन्छ, रु.</td><td>२२,५६४</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पकडी आधारभुत विद्यालय - यस पालिकाले मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गतपकडी आधारभुत विद्यालयलाई भवन तथा रंगरोगन कार्य सम्झौता बमोजम प्राविधिक मुल्याङ्कनको ९० प्रतिशत भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएको पाइयो। पालिकाले विद्यालयको उक्त कार्यको नापी बमोजिक रु २१३९४२.५७ को प्राविधिक मुल्याङ्कन भएको र सम्झौता बमोजिम रु १९२५२७।– भुक्तानी दिनुपर्नेमा रु २०६८०२।– भुक्तनी दिएको पाइयो। यसरी बढी भुक्तानी भएको रु १४२५४।– सम्बन्धित विद्यालयबाट असुल गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>१४,२५४</td></tr>
| ४७.२ | | | **कार्य योजना** -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ४७.३ | | | **विपद् व्यवस्थापन कोष** –विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दातरु २६,८३,१००।-रहेको र यस वर्षको रु ५०,००,०००। आम्दानी भई रु १५,५६,६३९.५४ ।- खर्च गरेको हुनाले बाँकी रु. ६१,२६,४६०.४६।- बाँकी देखिन्छ । | |
| ४७.४ | | | **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ४८ | | | **सामाजिक सुरक्षा कार्यक्रम-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन् : | |
| ४८.१ | | | **भत्ता निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७८।०८।०८ गते, दोस्रो त्रैमासिकको भत्ता २०७८।१०।११ गते, तेस्रो त्रैमासिकको भत्ता २०७८।१२।२३ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।१४ गते बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.२ | | | **लगत कट्टा -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २६(३) एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। नमुना छनोटको आधारमा वडा नं ६ र ७को लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासाभएको र सो मिति भन्दा पछिको रकम लेखापरीक्षण अवधि सम्मा पनि फिर्तानभएकोले थप छानविन गरी असुल गर्नुपर्ने रु. | ८१,३९५ |

| समुह | लाभग्राहीको नाम | वडा नं. | लगत कट्टा मिति | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | फिर्ता हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक | जिते अहिर | ६ | २०७९।०३।१० | ९३३३ | १२००० | २६६७ |
| अन्य जेष्ठ नागरिक | शंकर यादव | ६ | २०७८।१२।०७ | ८९३३ | १२००० | ३०६७ |
| अन्य जेष्ठ नागरिक | सरसतीदेवी कोहर | ६ | २०७८।०९।०९ | ९२०० | १२००० | २८०० |
| अन्य जेष्ठ नागरिक | गेना अहिर | ६ | २०७८।०५।०९ | ५२०० | २४००० | १८८०० |
| अन्य जेष्ठ नागरिक | रेश्मा कुर्मी | ६ | २०७८।०९।११ | ९४६७ | १२००० | २५३३ |
| अन्य जेष्ठ नागरिक | बर्खु चमार | ६ | २०७८।११।०२ | ६८५८ | १२००० | ५१४२ |
| अन्य जेष्ठ नागरिक | लिजा यादव | ६ | २०७८।०८।११ | ५४६७ | २४००० | १८५३३ |
| जेष्ठ नागरिक एकल महिला | सरस्वती बनिया | ६ | २०७८।०४।३० | २६६० | ७९८० | ५३२० |
| अन्य जेष्ठ नागरिक | जन्नतुन निसा जोलहा | ७ | २०७८।०८।१५ | ६००० | १२००० | ६००० |
| अन्य जेष्ठ नागरिक | लखन धोवी | ७ | २०७८।१२।०६ | ८८०० | १२००० | ३२०० |
| अन्य जेष्ठ नागरिक | सुरजमुखी अहिर | ७ | २०७९।०२।१५ | ६००० | १२००० | ६००० |
| अन्य जेष्ठ नागरिक | श्रीमती वर्साती अहिर | ७ | २०७८।०८।०५ | ४६६७ | १२००० | ७३३३ |
| **जम्मा** | | | | | | **८१३९५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.३ | | | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन,२०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७७, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । यस पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट विनियोजित रकममा रु.११,०२,८५,८११/- बराबरको रकम निकासा प्राप्त भएकोमा बैंकले लाभग्राहीहरुको खातामा रकम दाखिला गरी बाँकी गरेको मौज्दात रकम रु ८९८,८७७/- , मृत्यु पश्चात फिर्ता रकम रु ३,३१,६०७/- र दोहोरो दर्ता फर्ता रकम रु २४,०००/- गरी जम्मा रु १२,५४,४८४/- फिर्ता | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको छ। तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको त्रैमासिकगत विवरण गाउँपालिकालाई नियमित रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार को विवरण समयमा नै पालिकालाई उपलब्ध नगराएको र पालिकाले आर्थिक वर्ष २०७८।०८९ को सम्पूर्ण त्रैमासिकको बैंकलाई पठाएको सामाजिक सुरक्षा भत्ता पेश्की २०७९।०६।२७ मा फर्छ्यौट गराएको पाइयो। निम्नानुसारका बैंकहरूले लेखापरीक्षण अवधि सम्ममा पनि सो त्रैमासिकको भत्ता वितरण गरेको Reverse feed एम.आई.एस. प्रणाली मार्फत reverse गरेको देखिएन।
<table>
<tr><th>सि.नं.</th><th>बैंक</th><th>त्रैमासिक</th><th>निकासा</th><th>वितरण</th><th>फिर्ता</th></tr>
<tr><td>१</td><td>कृषि विकास बैंक</td><td>दोस्रो</td><td>७४१७०२४</td><td>७३३७२९८</td><td>७९७२६</td></tr>
<tr><td>२</td><td>कृषि विकास बैंक</td><td>तेस्रो</td><td>७५६६५३४</td><td>७४८२५८७</td><td>८३९४७</td></tr>
<tr><td>३</td><td>कृषि विकास बैंक</td><td>चौथो</td><td>७७८७६५१</td><td>७६३५३०१</td><td>१५२३५०</td></tr>
<tr><td>४</td><td>साइन रेसुङ्गा बैंक</td><td>प्रथम</td><td>३७६९३०९</td><td>३७६१३२९</td><td>७९८०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६५४०५१८</td><td>२६२१६५१५</td><td>३२४००३</td></tr>
</table>
तसर्थबैंकको विभिन्न त्रैमासिकमा भत्ता वितरण पश्चात बैंक ब्यालेन्स सर्टीफिकेट,Reverse Feed, स्टेटमेण्टभिडान गरी पालिकाले समयमा नै हिसाब फरफारक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>आर्थिक सहायता</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.८ लाख १८ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९.२</td><td></td><td></td><td>आफ्नो सिफारिस आफै गरी आर्थिक सहायता भुक्तानी लिएकोः वडा नं. ३ का वडा अध्यक्ष विष्णु नारायण पाण्डेयले आफूलाई अति विपन्न भनी मिति २०७९।३।२१ मा आफैले सिफारिश गरी रु.१००००।- भुक्तानी लिएकोले निजबाट सो रकम असूल गर्नुपर्ने रु.</td><td>१०,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
<tr><td>५०.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले रु. १५,३९,८६०।-मूल्य बराबरको विभिन्न औषधीहरु खरिद गर्दाऐन नियमको व्यवस्था पालना नगरी टुक्रा पारीफरक दररेटमा फरक फरक आपूर्तिकर्ताबाट विभिन्न मितिमाखरिद गरेको देखिएको छ । यसरी नियमावलीको उपरोक्त प्रावधान विपरित सोझै खरिद भएकोले अनियमित देखिएको रु.
<table>
<tr><th>गो भौ नं मिति</th><th>सामाग्री विवरण</th><th>आपूर्तिकर्ता</th><th>रकम</th><th>निर्णय</th></tr>
<tr><td>८/ २०७८।०८।१५</td><td>औषधि</td><td>सतीदेवी मेडिसिन सप्लायर्स</td><td>९९३५०</td><td>२०७८।०६।१५</td></tr>
</table></td><td>१,५३९,८६०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१० २०७८।०८।१५</td><td>औषधि</td><td>मेडिगोल्ड इन्टरनेशनल प्रा लि</td><td>४९९५१०</td><td>“</td></tr>
<tr><td>४६ २०७९।०३।२०</td><td>औषधि</td><td>रिभान्स मेडिसिन सप्लायर्स</td><td>४९९५००</td><td>असारमा</td></tr>
<tr><td>४७ २०७९।०३।२०</td><td>औषधि</td><td>सतीदेवी मेडिसिन सप्लायर्स</td><td>४४१५००</td><td>“</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५३९८६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०.२</td><td></td><td></td><td>कार्यालयले रु. २०,८१,२४९।-मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी नियमावलीको उपरोक्त प्रावधान विपरित सोझै खरिद भएकोले अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं / मिति</th><th>विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>४६।२०७८।७।१५</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>युनिभर्सल छपाई उद्योग</td><td>२१९६१५</td></tr>
<tr><td>६४।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>उषा प्रिन्टिङ्ग एण्ड स्टश्नरी</td><td>१०२४४</td></tr>
<tr><td>६५।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>न्यू राजेश्वरी प्रिन्टिङ्ग अफसेट प्रेस</td><td>३७५३२३</td></tr>
<tr><td>६८।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>न्यू विराट बुक एण्ड स्टेश्नरी</td><td>९६९६५</td></tr>
<tr><td>६९।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>निष्ट सेल्स सप्लायर्स</td><td>७९१००</td></tr>
<tr><td>७०।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>लुम्बिनी आई टि ट्रेड</td><td>१३३०००</td></tr>
<tr><td>७१।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>जनार्दन बुक्स एण्ड जनरल स्टोर्स</td><td>३१०८०</td></tr>
<tr><td>७३।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>उषा छापा खाना</td><td>३५९३४०</td></tr>
<tr><td>७४।२०७८।७।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>युनिभर्सल छपाई उद्योग</td><td>२९७१९</td></tr>
<tr><td>१०५।२०७८।८।७</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>न्यू विराट बुक एण्ड स्टेश्नरी</td><td>१२३१५२</td></tr>
<tr><td>१५७।२०७८।८।२०</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>राजन कम्प्युटर्स</td><td>८८१४०</td></tr>
<tr><td>१७१।२०७८।८।२६</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>नेशनल कम्प्युटर्स एण्ड सप्लाय्स</td><td>५०००२</td></tr>
<tr><td>२११।२०७८।९।१९</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>Technos traders</td><td>७७४९५</td></tr>
<tr><td>२६८।२०७८।१०।६</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>उषा प्रिन्टिङ्ग एण्ड स्टश्नरी</td><td>१४४०८६</td></tr>
<tr><td>६३।२०७८।१०।६</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>उषा प्रिन्टिङ्ग एण्ड स्टश्नरी</td><td>१२३२८३</td></tr>
<tr><td>४२१।२०७८।११।२२</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>यूनिभर्सल जनरल सप्लायर्स</td><td>५७००५</td></tr>
</table>
</td><td>२,०८१,२४९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६८८।२०७९।२।१९</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>उषा प्रिन्टिङ्ग एण्ड स्टश्नरी</td><td>८३७००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०८१२४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९ लाख खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको १२९ गरी कुल १३६ विवाद दर्ता भएकोमा ११० वटा मात्र फछ्र्यौट भई २६बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ७वटा नियमावली, २२कार्यविधि, १ निर्देशिकार ३ नर्म्स गरी जम्मा५२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले५२ वटा कानूनहरु निर्माण गरी सभा/ कार्यपालिकाबाट स्वीकृत गरि उक्त कानूनहरुस्थानीय राजपत्रमा प्रकाशन गरेको छ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>विवरण</th><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>योजना संख्या</td><td>१०३</td><td>८२</td><td>८२</td><td>१०</td><td>१९</td><td>२९६</td></tr>
<tr><td>जम्मा रकम</td><td>८८५५०००</td><td>१३९०५०००</td><td>३१७९००००</td><td>९८०००००</td><td>८३८०००००</td><td>१४८१५००००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५ लाख देखि रु. १० लाख सम्मका जम्मा १० वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र १८५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३५३६</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>७३७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१८५</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१३३८</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>८८९७ मि</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>६६९५ मि</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>७</td><td>७</td><td>१</td><td>६</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठनसंचालनव्यवस्थापनसेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून विपरित यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ५,०८४,४०७ |
| ५९ | | | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझैकर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | १,०००,००० |
| ६० | | | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ९ पदमा ३० जना कर्मचारीहरु करारमा राखि रु.१,०७,२६,०३०।- खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको १ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५२९८७०।- भुक्तानी गरेको अनियमित दिखएको रु. | ५२९,८७० |
| ६१ | | | **भ्रमण खर्च -** लुम्बिनी पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>६२.२</td><td></td><td></td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६२.३</td><td></td><td></td><td>पालिकाले पूर्व पदाधिकारीहरूले प्रयोग गरी फिर्ता गरेका साइकलहरूको प्रयोग नगरी मर्मत सम्भार वा लिलामी नभई कार्यालय परिसरमा dump गरेर राखेको देखियो।यसबाट एकातिर सार्वजनिक सम्पत्तिको संरक्षण नभएको र अर्कोतर्फ कार्यालय परिसर फोहोर देखिएकोले समयमै सोको मर्मत संभार गरी उपयोग वा लिलामी गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>कार्यालय संचालन खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा यस ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ ।धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ । लेखापरीक्षको क्रममा परीक्षण गर्दा बिजुली महशुल ढिला भुक्तानी गरी जरिवाना समेत भुक्तानी गरी कार्यालयको दायित्व थप गरेको देखियो । समयमा महशुल बुझाउन नसक्दा जरिवाना सहित भुक्तानी गरेकोले समयमा विधुत महशुल भुक्तानी गर्नेतर्फ ध्यानदिनु पर्छ ।
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं / मिति</th><th>विवरण</th><th>महिना</th><th>विल रकम</th><th>जरिवाना रकम</th></tr>
<tr><td>१</td><td>३७।७।१४</td><td>विद्युत महशुल भुक्तानी</td><td>भाद्र</td><td>४०१७१</td><td>१००४२।-</td></tr>
<tr><td>२</td><td>३७।७।१४</td><td>विद्युत महशुल भुक्तानी</td><td>असोज</td><td>२१८८०</td><td>१०९४।-</td></tr>
<tr><td>३</td><td>९६।८।२</td><td>विद्युत महशुल भुक्तानी</td><td>भाद्र</td><td>१७६००</td><td>४४००।-</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१५५३६।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६४</td><td>१६०</td><td>२०७८-८-२२</td><td>गत वर्षको खर्च भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(१३) मा विनियोजित बजेटको कुनै खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गत आर्थिक वर्षको छुट भएको कर्मचारी प्रोत्साहन भत्ता (२०७७ माघ देखि २०७८ असार सम्मको ४ जनाको) रकम सोही आ.ब मा भुक्तानी नगरी यस आर्थिक बर्षमा भुक्तानी दिन बाँकीको विवरण बेगर भुक्तानी गरेको देखियो । यसबाट दोहोरो भुक्तानी हुन सक्ने र खर्चको यथार्थता यकीन हुन नसक्ने देखिन्छ । पालिकाले तोकिएको ढाँचामा प्रमाणित भुक्तानी दिन बाँकीको विवरण वेगररकम भुक्तानी भएकोले अनियमित देखिएको रु.</td><td>९८,७१६</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ६६ | | | **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६७ | | | **गत बर्षको दायित्व** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. २ करोड ९९ लाख ६० हजार भुक्तानी दिन बाँकी रहेको बिबरण राखी आन्तरीक लेखापरीक्षकबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ६८ | | | **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु८५लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाकोनिर्णयबाट चालुतर्फ शीर्षकमा रु. ३१ लाख ७३ हजार र पुजीगततर्फ शीर्षकमा रु. ५६ लाख २७ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ६९ | | | **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्विनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८०९६२००।- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष.७ जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३९००० | ३९००० | ३८५००० | ३३१००० | ७३६००० | १५३०००० |
| २ | यातायात खर्च | ० | १२६००० | ७३५००० | ३७८००० | ७२४५०० | १९६३५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (अघिल्लो पृष्ठबाट क्रमशः तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टेलिफोन,मोबाइल | ३६७५० | ३१५०० | २२०५०० | १८९००० | ६०३७५० | १०८१५०० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ४२००० | ४२००० | २२०५०० | १८९००० | ४८३००० | ९७६५०० |
| ५ | जनसम्पर्क विशेष कार्यसुविधा | १०५००० | ८४००० | ४४१००० | ३१५००० | ७२४५०० | १६६९२०० |
| ६ | अतिथि सत्कार | ६३००० | ५२५०० | २९४००० | | | ४०९५०० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | १०५००० | १०५००० | | | | २१०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ८४००० | ६०००० | १६१००० | ३३५००० |
| | **जम्मा** | **४०५७५०** | **४९५०००** | **२३८००००** | **१४६२०००** | **३४३२७५०** | **८०९६२००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **करार कर्मचारीलाई सुविधा** - सामान्य प्रशासन मन्त्रालयको मिति२०७४/१/२५को परिपत्र अनुसार स्वीकृत दरबन्दी करारमा रहेका व्यक्तिलाई मात्र महङ्गि भत्ता र पोशाक सुविधा उपलब्ध गराउने उल्लेख छ। पालिकामा कार्यरत अस्थायी एवं दरवन्दि भन्दा वाहिरका देहायका कर्मचारीहरुलाई विभिन्न गोश्वारा भौचर र मितिबाट चाडपर्व खर्च र पोशाक खर्च भनि रु.६७८०३०।- खर्च लेखेको छ । पालिकाको स्विकृत दरवन्दिमा नरहि कार्यक्रम एवं नगरपालिका बजेटबाट समेत तलव सुविधा पाउने देहायको कर्मचारीहरुलाई सुविधा उपलब्ध गराएको पाईयो । यसरी परिपत्रको उक्त प्रावधान विपरित सुविधा कर्मचारीलाई भुक्तानी दिएकोले अनियमित देखिएको रु | २१२,४७० |

| **क्र.सं.** | **नाम थर** | **पद** | **चाडपर्वखर्च** | **पोषाक भत्ता** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | सन्दिप कुमार कुर्मी | का सहयोगी | २१४८० | १०००० | ३१४८० | |
| २ | जनार्दन कहारँ | का सहयोगी | २१४८० | १०००० | ३१४८० | |
| ३ | लक्ष्मी पौडेल | का सहयोगी | २१४८० | १०००० | ३१४८० | |
| ४ | रामपति यादव | सामाजिक परिचालक | १५४५० | १०००० | २५४५० | |
| ५ | अमित कुमार श्रीवास्तव | जनस्वास्थ्य अधिकृत | ४२३८० | १०००० | ५२३८० | |
| ६ | गिता शाहनी चाई | स्टाफ नर्स | ३०२०० | १०००० | ४०२०० | |
| **जम्मा** | | | | | **२१२४७०** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>सफ्टवयर संचालन नरहेको - पालिकालेयस आर्थिक वर्ष कोटशनको माध्यमबाट सफ्टोनिक नेपाल प्रा.लि. लाई अपाङ्ग परिचयपत्र छपाइ तथा प्रिन्टर सहितको सफ्टवेयर खरिद वापत रु. ४,८०,०००।- र सिफारिस तथा प्रमाणित सफ्टवेयर खरिद वापत रु. ४,९८,३३०।- भुक्तानीगरेको छ। छपाई तथा प्रिन्टर उपकरण विग्रिएर संचालनको अवस्थामा नरहेको र वडा कार्यालयका कर्मचारीले सो सफ्टवेयर प्रयोग गर्न नसक्ने जटिल किसिमको भई सफ्टवेयरहरू हाल प्रयोग बिहिन अवस्थामा रहेकोले सोको औचित्य पुष्टी भएको देखिएन। यसरी पालिकामा जडान गरिएको उक्त सफ्टवेयर तथा उपकरणहरू आवश्यक मर्मत सम्भार र सुधार गरी प्रयोगमा ल्याउनुपर्ने र यस्तो किसिमको खर्चमा सन्तोषजनक कार्यसम्पादन पछि मात्रै भुक्तानी दिनुपर्ने र आवश्यकता र औचित्यको आधारमा मात्र यस प्रकारको रकम खर्च गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>आय ठेक्का विवरण</td><td></td></tr>
<tr><td>७२.१</td><td></td><td></td><td>आय ठेक्का सम्बन्धी विवरण</td><td></td></tr>
<tr><td>७२.२</td><td></td><td></td><td>यस कोटहीमाई गाउँपालिका आर्थिक वर्ष २०७६।०७७ मा दानव नदीको ३ वटा घाटबाट (सिपवा-१, सिपवा-२ र सिपवा-३) नदीजन्य पदार्थ (Aggregate) संकलन तथा विक्री गर्न सकिने परिमाण एकिन गर्न प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (IEE) २०७७ कार्तिक मा २ वर्षको लागि निर्धारणगरेको देखिन्छ। उक्त प्रतिवेदन अनुसार उल्लेखित घाटबाट निम्नानुसारको परिमाणमा नदीजन्य पदार्थ सकंलन गरी वार्षक रु.८३,०८,८४०।- आम्दानी गर्न सकिनेमा ठेक्का नलगाई नदीजन्य श्रोतको उपयोग नभएको पालिकाले आफ्नो आय श्रोत वृद्धि गर्न यस्ता नदीजन्य श्रोतको उचित उपयोग गर्नेतर्फ ध्यान दिनुपर्छ ।
<table>
<tr><th>सि.नं</th><th>घाटको नाम</th><th>दैनिक उठाउन सकिने Aggregate परिमाण</th><th>वार्षिक उठ्न सक्ने राजस्व रकम मु.अ.कर बाहेक</th></tr>
<tr><td>१</td><td>दानव नदी सिपवा-१</td><td>४२.२२ घन मिटर</td><td>४२९४२६८</td></tr>
<tr><td>२</td><td>दानव नदी सिपवा-२</td><td>२४.३६ घन मिटर</td><td>२४७७६७६</td></tr>
<tr><td>३</td><td>दानव नदी सिपवा-३</td><td>१५.११ घन मिटर</td><td>१५३६८९६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८३०८८४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२.३</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(च) मा ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख र दहत्तर वहत्तरमा प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था विद्यमान थियो तर नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५ को ३४(३) ले उक्त दफा ६४ लाई खारेज गरेको छ। केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ दफा ६२(क) ले प्राकृतिक वस्तुको विक्री वितरण गाउँपालिका तथा नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी कानूनी व्यवस्था भएको दर तोक्ने अधिकारलाई क्रमशः कानूनबाट खारेज गरी ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्री व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को प्रकरण ४(घ) मा गाउँसभा वा नगरसभाबाट स्वीकृत दरमा उत्खनन् र संकलनको अनुमति दिने र विक्रीको लागि ठेक्का व्यस्था मिलाउने काम गाउँपालिका वा नगरपालिकाको दायराभित्र राखेको देखिन्छ। यसरी सभाबाट दर तय गर्ने व्यवस्था भएकोमा दानव नदीको सम्बन्धमा २०७८।११।०९ गते कार्यापालिका बैठकको निर्णय नं १ मा नदीजन्य पदार्थको राजस्व प्रति घन फिट रु.८।- निर्धारण गरेको पाइयो। कार्यपालिकाले सिफारिस गरी सभाबाट निर्णय गर्नुपर्न विषयमा आफैले क्षेत्राधिकार बाहिर गई दर निर्धारण गर्नु कानून सम्मत भएन। यसैगरी एउटै नदीमा विभिन्न स्थानीय तहको क्षत्राधिकार पर्ने तर नदीजन्य पदार्थको दर स्थानीय पालिकाबाट तोक्दा एक आपसमा समन्वय नभई फरक फरक दरमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राजस्व उठ्ने अवस्था देखिन्छ। यसले गर्दा कुनै स्थानीय तहको आधार ठूलो बन्ने र कुनैको करको आधारमा संकुचन हुने अवस्था हुने अवस्था देखिन्छ। यसरी नदीजन्य पदार्थबाट प्राप्त राजस्व बाँडफाँडको सिद्धान्त बमोजिम प्रदेश र स्थानीय तहको Ratio ४०:६० भएकोले दर तोक्ने कार्य प्रदेशले गर्ने कानूनी व्यवस्था भएमा एकरुपता कायम हुने र कुनै स्थानीय तहको ठेक्का लाग्ने र कुनैको नलाग्ने अवस्थाको समेत अन्त्य हुने देखिन्छ। जस्तैः- कोटहीमाई गाउँपालिकाले दानव नदीको विभिन्न घाटबाट प्रति घन फिट दर रु.८ तोकेको छ। तर अन्य पालिकाले नजिको घाटबाट नदीजन्य पदार्थको दर घटी/बढी तोक्दा एकले अर्कालाई असर पार्न सक्ने अवस्था विद्यमान देखिन्छ। यसको समाधानको उपाय प्रदेश सरकारले नदीको घाट अनुसारको मूल्य निर्धारण गर्नु वाञ्छनीय देखिन्छ। | |
| ७३ | | | **बेरुजु लगत** - नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।<br>• म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,<br>• .ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,<br>• म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,<br>अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ७४ | | | **तलवी भरपाई** - शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । पालिकाले यस बर्ष शिक्षकको तलवि प्रतिवेदन पारित गरेको पाईएन साथै सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यरत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टादाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस बर्ष रु.४२३८७०५५।१८ खर्च गरेकोमा अन्तर्गतका केहि विद्यालयहरुले सोको पूर्ण रुपमा पालना गरेतापनि केहिले सोको कार्यान्वयन गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्चरकम यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ । | |
| ७५ | | | **वालविकास कर्मचारी वितरण** - पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ अनुसार विद्यालयको विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । पालिकाले विद्यालयहरुमा हुने विद्यार्थिको चापको आधारमा वालविकास कर्मचारी संख्या वितरण गर्नुपर्नेमा गत विगत बर्षहरुको आधारमा नै भुक्तानी भएको छ । यसरी गत विगतको संख्यालाई आधार मानि भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र अनावश्यक तथा विद्यार्थि कम भएको विद्यालयहरुमा बढि हुने अवस्था देखिने अवस्था छ । अतः आवश्यकता र विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७६ | | | **थप पाठ्यपुस्तक वितरण** | |
| ७६.१ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७९ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा प्रथम किस्ता ७५% गो.भौ.१३९।०७९।१।४ बाट रु.३६९९७८५।–र थप २५% निकासा गो.भौ. २४६।०७९।३।२१ बाट रु.१११६३१२।–गरी जम्मा रु.४८१६०९७।-विभिन्न विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो । तर यसरी विद्यालयहरुलाई रकम निकासा दिंदा देहायका विद्यालयहरुलाई विद्यार्थी संख्या भन्दा बढि रकम निकासा दिएको पाईएकोले बढि निकासा रकम असूल गरी संघिय संचितकोष खातामा पठाउनुपर्ने देखिएको, रु<br>सि.नं / विद्यालयको नाम / दिनुपर्ने निकासा / निकासा गएको / बढि निकासा<br>१ / मर्चवार आदर्श मा.वि / ७०३८१९ / ८०४९५८।- / १०११३९ | २६६,७५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>मर्यादापुर मा.वि.</td><td>६८७४९९</td><td>७३८६६५।-</td><td>५११६६</td></tr>
<tr><td>३</td><td>वोगडी मा.वि</td><td>६०३१४१</td><td>६५४५८९।-</td><td>५१४४८</td></tr>
<tr><td>४</td><td>जानकी मा.वि</td><td>४४६४८७</td><td>४६४८०२।-</td><td>१८३१५</td></tr>
<tr><td>५</td><td>लाल विहारी मा.वि</td><td>२६५५८३</td><td>२७२४९२।-</td><td>६९०९</td></tr>
<tr><td>६</td><td>तुनिराम मा.वि</td><td>३५३०८३</td><td>३९०८५९।-</td><td>३७७७६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२६६७५३।-</td></tr>
</table>
<br>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९ । १२ । २४ को निर्णयबाट रु.१९८५५ ।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>क)पालिकामा विद्यालयले पेश गरेको बिल भरपाई र पाठ्यपुस्तकको भरपाई अनुसार अधिकांश विद्यालयहरुले आंशिक तथा केही विद्यालयले भरपाई नै नबुझाएकोमा लेखापरीक्षण अवधीमा मात्रै विल भरपाई पेश गरेको पाईएकोमा नवदुर्गा प्रा.विले पालिकाबाट निकासा दिएको रकम रु.५१९७२।-को विल तथा विद्यार्थिहरुले पाठ्यपुस्तक बुझेको भरपाई पेश नगरेकोले सोको प्रमाण पेश हुने अन्यथा असूल हुने, रु.</td><td>५१,९७२</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>छात्रवृत्ती वितरण - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को व्यवस्था अनुसार कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्रको लागि प्रति विद्यार्थी रु.४००।–का दरले हुनेछात्रवृत्तीरकम विद्यालयको खातामा निकासा दिने र सो रकम विद्यार्थीहरुलाई वितरण गरी भरपाई पालिकामा पेश गर्नुपर्दछ । पालिकाले गो.भौ.२०३।०७९।३।१५ बाट छात्रवृत्तीरकम रु.१५२७२००।–निकासा खर्च लेखेकोमा सोको विल भरपाई परीक्षण गर्दा देहायका विद्यालयहरुले निकासा छात्रवृत्तीरकम भन्दा कमको भरपाई पेश गरेकोले बढी निकासा रकम सम्वन्धीत विद्यालयबाट असूल हुनुपर्दछ, रु.
<br>
<table>
<tr><th>सि.नं</th><th>विद्यालय</th><th>निकासा रकम</th><th>भरपाई पेश</th><th>बढी रकम</th></tr>
<tr><td>१</td><td>विगडी मा.वि.</td><td>१७८०००।-</td><td>१४०८००।-</td><td>३६२००।-</td></tr>
<tr><td>२</td><td>मर्चवार आदर्श मा.वि</td><td>१९८०००।-</td><td>१९२८००।-</td><td>५२००।-</td></tr>
<tr><td>३</td><td>जानकी मा.वि</td><td>१११२००।-</td><td>१०६४००।-</td><td>४८००।-</td></tr>
<tr><td>४</td><td>नवदुर्गा प्रा.वि</td><td>४२८००।-</td><td>३६८००।-</td><td>६०००।-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५२२००।-</td></tr>
</table>
</td><td>५२,२००</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>विद्यालयलाई लाईव्रेरी व्यवस्थापन - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईव्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००.०० निकासा दिने व्यवस्था छ । त्यस्तैस्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान</td><td>२,६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकलेICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई गो.भौ.१५५, २०६ र २३७।०७९।३।२० बाट गरी जम्मा रु.२६०००००।- निकासा दिएकोमासो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालयले सामानको स्पेसिफिकेसन अनुसारको लागत अनुमान तयार गरी सोहि अनुसारको जिन्सी दाखिला गरेनगरेको सम्वन्धमा प्रमाण पेश हुन आएन । विद्यालयहरुसँगको सम्झौताको बूदा नं ५ मा अनिवार्य रुपमा कार्यसम्पन्न प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने उल्लेख भएकोमा पेश भएको छैन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गर्नुपर्ने साथै विद्यालयले समेत सार्वजनिक खरीद ऐनको परीधी अनुसार खरीद गरेको साथै पालिकाले अनुगमन गरी कार्य सम्पन्न गरी संचालनमा आएको प्रतिवेदन सहितको प्रमाण पेश हुने, रु. | |

| सि.नं | विद्यालय | ICT | लाईव्रेरी व्यवस्थापन | विज्ञान प्रयोगशाला | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | श्री जानकी मा.वि. | - | - | ६५००००।- | ६५००००.०० |
| २ | मर्चवार आदर्श मा.वि | ६५००००। | - | - | ६५००००.०० |
| ३ | श्री लाल विहारी मा.वि | ६५००००। | - | - | ६५००००.०० |
| ४ | श्री तुनिहवा मा.वि | ६५००००। | - | | ६५००००.०० |
| **जम्म** | | **१९५००००।-** | **-** | **६५००००।-** | **२६०००००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **राष्ट्रिय शिक्षा नीतिको पालना** | |
| ७९.१ | | | राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।<br>• सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br>• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>• अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br>• प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ७९.२ | | | गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ७९.३ | | | राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्<br>• निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br>• मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>• निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।<br>• शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।<br>• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।<br>अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ । | |
| ८० | | | **परीक्षा व्यवस्थापन** - अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार तालिम गोष्ठी सेमिनार कार्यशालामासम्बन्धित कार्यलयले संचालन गरेकोमा सोही कार्यलयको प्रशिक्षक भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको पारिश्रमिक मात्र पाउने व्यवस्था छ । पालिकाले प्रा.स. मनोहर चौधरीले लिएको पेश्किगो.भौ. २०९।०७९।३।१९ बाट रु.१५८६१२।–फर्छ्यौट गरेकोमा पालिकाले २०७८।१२।१८ मा संचालन गरेको उक्त तालिममा सोहि कार्यालयको प्रशिक्षक अमृता बुढाथोकिले कक्षा संचालनको पारीश्रमिक रु.१०००।-का दरले भुक्तानी पाउनेमा रु.१६००।-का दरले भत्ता बुझेको पाइयो ।यसरी नर्म्स भन्दा बढि भुक्तानी भएको सेसनको कर कट्टा पश्चातको रकम रु.२५५०।-सम्वन्धितबाट असुल हुने, रु | २,५५० |
| ८१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमानहर निर्माण,सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु५४५९०००।-वजेट विनियोजन भएकोमा छनौट भएका रोजगार निवेदन १५२ जना मध्ये ५९ जनालाई ५८ दिन देखि१०० दिनसम्मको रोजगारी उपलव्ध गराई औसतमा ७७ दिन कार्य भएको छ । पालिकाले यस बर्षको खर्च मध्ये श्रमिक ज्यालामा रु.२६२८२३५।-र प्रशासनिकमा रु.२००८२५।-गरी रु.५५१२६५५।०९ खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् । | |
| ८१.१ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ । | |
| ८१.२ | | | निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१.३</td><td></td><td></td><td>निर्देशिका अनुसार रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो वेगर देहाय अनुसारका ४ वडामा मात्रै ९ योजनाहरुमा वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन । पालिकाले अन्य वडामा ईच्छुक कामदार नभएकोले कार्य गर्न नसकेको जनाएतापनि सवै वडालाई समेटेर कार्यक्रम वनाउनु पर्दछ । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>योजनाको नाम</th><th>वडा नं</th></tr>
<tr><td>१</td><td>जमुही ताल देखि उत्तर कुलो मर्मत कोइलहवा नाला सम्म</td><td>१</td></tr>
<tr><td>२</td><td>कुडसर देखि देवनवक्सापुर जाने बाटो मर्मत</td><td>३</td></tr>
<tr><td>३</td><td>हसंरजा को घर देखि कालोपत्रे सडक रहेको कुलो मर्मत</td><td>३</td></tr>
<tr><td>४</td><td>सरोज बढईको घरको किनारको कुलो सरसफाई</td><td>४</td></tr>
<tr><td>५</td><td>बरहदवा पचिम डिह देखि जिगनिहवा नारा सम्मा</td><td>४</td></tr>
<tr><td>६</td><td>परसहवां मिडीया चोक देखि मिश्रा टोलको गाउँ सम्मा टर्सरी सरसफाई गर्ने</td><td>७</td></tr>
<tr><td>७</td><td>हरदी उत्तर टोलको उत्तर तर्फा देखि खलवाडीह हरदी सम्मा कुलो सरसफाई गर्ने</td><td>७</td></tr>
<tr><td>८</td><td>नैनपुर मेन बाटो देखि पूर्वकुलो सरसफाई</td><td>७</td></tr>
<tr><td>९</td><td>भंगहिया धर्मसाला देखि कठफोरवा नाला सम्मा माटो पटन</td><td>७</td></tr>
</table></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>दिवा खाजा - कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७८।७९ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणितप्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.३४।०७८।८।१६ बाट रु.४८५५५००।–,दोस्रो किस्ता गो.भौ.१६३।०७८।२।१७ बाट रु.२५११०००।–तथा थप गो.भौ.२४६।०७९।३।२१ बाट रु.३८६०९७।–र धार्मिक विद्यालयहरुलाई एक किस्तामा निकासा गो.भौ.२४८।०७९।३।२१ बाट रु.१६३८८७५।-गरी जम्मा रु.९३९१४७२।–विद्यालयहरुको खातामा निकासा दिएको पाईयो ।विद्यालयहरुलाई चौमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्नेमा विद्यालयहरुलाई दोस्रो किस्ता समेत पेश्कि स्वरुप निकासा दिएको पाईयो ।सो सम्वन्धमा देखिएको विवरण उल्लेखित छन ।</td><td></td></tr>
<tr><td>८२.१</td><td></td><td></td><td>क)पालिकाले पेश गरेको दिवा खाजाको विल भरपाई र विद्यार्थिहरुको हाँजिरी परीक्षण गर्दा देहायका विद्यालयहरुले वास्तविक विद्यार्थि संख्या भन्दा बढि जनाको दिवा खाजाको रकम माग गरेको पाईयो ।विद्यार्थीहरुको हाँजिरी अनुसार विद्यालयमा दिंदा खाजाको रकम निकासा दिनुपर्नेमा बढि निकासा दिएको पाईएकोले उक्त रकम सम्वन्धित विद्यालयहरुबाट असूल गरी राजश्व दाखिला हुने, रु.
<table>
<tr><th>सि.नं</th><th>विद्यालय</th><th>निकासा दिएको</th><th>निकासा दिनुपर्ने</th><th>बढी रकम</th></tr>
</table></td><td>८२,६५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>तुनिहवा मा.वि</td><td>३०४२००।-</td><td>२४२०५५।-</td><td>६२१४५।-</td></tr>
<tr><td>२</td><td>शिवशक्ती प्रा.वि.</td><td>३०९६००।-</td><td>२९११९५।-</td><td>१८४०५।-</td></tr>
<tr><td>३</td><td>समयमाई प्रा.वि</td><td>३४५०००।-</td><td>३४२९००।-</td><td>२१००।-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८२६५०।-</td></tr>
</table>
<br>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९। १२ ।२४ को निर्णयबाट रु. ३६४४०.०० ।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>८२.२</td><td></td><td></td><td>ख)पालिकाले देहायका विद्यालयहरुलाईदिवा खाजाको लागि पेश्कि स्वरुप निकासा दिएको रकम विद्यालयले विद्यालयले विल भरपाई र हाँजिरी पेश गरि फर्छ्यौट गर्नुपर्नेमा लेखापरीक्षण अवधीसम्म पनि पेश गरेको छैनन । यसरी हाँजिरी नै पेश नभएको अवस्थामा दिवा खाजा रकम वितरण गरेको रकम यकिन हुन नसकिने भएकोले यस्तो खर्च रकमको प्रमाण पेश हुनपर्दछ, रु.
<table>
<tr><th>सि.नं</th><th>विद्यालय</th><th>निकासा दिएको</th><th>प्रमाण पेश भएको</th><th>प्रमाण पेश हुनुपर्ने</th><th>प्रमाण पेश भएको नभएको</th></tr>
<tr><td>१</td><td>मर्यादापुर मा.वि.</td><td>३७३५००</td><td>_</td><td>३७३५००</td><td></td></tr>
<tr><td>२</td><td>वोगडी मा.वि</td><td>८३६१००</td><td>_</td><td>८३६१००</td><td></td></tr>
<tr><td>३</td><td>नवदुर्गा प्रा.वि</td><td>३६९०००</td><td>_</td><td>३६९०००</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५७८६००।-</td><td></td></tr>
</table>
</td><td>१,५७८,६००</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>म. ले. प. फारामले तोके बमोजिमको आन्तरिक नियन्त्रण पद्दति - भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।
<ul>
<li>म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,</li>
<li>म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,</li>
<li>म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको</li>
</ul>
अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>शिक्षण सहयोग - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको मासिक रु.३५९९०.०० का दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विभिन्न ५ वटा विद्यालयहरुमा १ जना देखि २ जना शिक्षकको रकम निकासा दिएकोमा विद्यार्थि संख्याको आधार तथा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन विना नै विद्यालयहरुलाई विभिन्न मितिमा अनुदान दिएको पाईयो । विद्यालयहरुको आवश्यकताको आधारमा अनुदान उपलब्ध गराउने र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो शिर्षकमा रु. २१५९०००।-खर्च गरेको देखिन्छ । पालिकाले सो सम्वन्धमा ध्यानदिनुपर्ने देखिन्छ । | |
| ८५ | | | **तलवी प्रतिवेदन** - स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कार्यरत स्थायी कर्मचारीको सम्वन्धमा तलवी प्रतिवेदन पारीत गरेर मात्रै तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवा तर्फको विभिन्न पदमा दरवन्दिमा कार्यरत कर्मचारीको आर्थिक बर्ष २०७८।०७९ को तलवी प्रतिवेदन पारीत नगरी बार्षिक रु.२९३७३३८५।६७ खर्च लेखेको छ । पालिकाले तलवी प्रतिवेदन पारीत नगरी खर्च लेखेकोले समायोजन पूर्व र पश्चात कस कसको ग्रेड सुविधा के कति हो सो सम्वन्धमा साथै नियमित कर्मचारीको समेत ग्रेड रकम यकिन गर्न सकिएन । यसरी तलवी प्रतिवेदन पारीत नगरी खर्च लेख्ने पदाधीकारीलाई जिम्मेवार बनाउनुपर्ने तथा तलवी प्रतिवेदन पारीत गरी खर्च लेख्ने व्यवस्था हुनुपर्दछ । | |
| ८६ | | | **सेनीटरी प्याड खरीद** | |
| ८६.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। तरपालीकाले नियमावलीतथा कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तरता सहितको सेनीटरी प्याड विद्यार्थिहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान नवनाईकेवल ३ वटा फर्मबाट प्राप्त दररेटको आधारमा मात्रै सवैभन्दा कम कवोल फर्महरु मध्ये गो.भौ १९३।०७९।३।९ बाट रु.९९९३७२।–(१००००प्याड) को ओख्रेनी ईन्टरनेशनलबाट र गो.भौ २५०।०७९।३।२१ बाट रु.५८६६३१।–(५८७० प्याड) नेशनल हाईजिन प्रोडक्टबाट सम्झौता गरी खरीद गरेको पाईयो । यसरी दुई पटकसम्म लागत अनुमान विना नै १५८७० प्याड रु.१५८६००३।–मा खरीद गरेको छ । पालिकाले शिलवन्दी वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने प्याड बर्षान्तमा सोझै लागत अनुमान वेगर नै खरीद गरेको पाईएकोले खरीदमा प्रतिशपर्धाको अवस्था देखिएन । अतः यस्तो खरीद रकम नियमसम्मत नदेखिएको, रु. | १,५८६,००३ |
| ८६.२ | | | क)पालिकाले रु.१५८६००३।–को सेनिटरी प्याडखरीद गरि जिन्सि खातामा आम्दानी लेखेको छ । तर सो सेनिटरी प्याडसम्वन्धित आर्थिक बर्षमा नै लाभग्राहि विद्यार्थिहरुले उपभोग गर्नुपर्नेमा बर्षान्तमा खरीद गरी मौज्दातमा राखेको देखिन्छ । यसरी आर्थिक बर्षको अन्तिममा आएर खरीद गर्ने र सोको वितरण समेत नहुँदा लक्ष्य अनुसारको उपलव्धी नहुने देखिन्छ । उल्लेखित वाँकि सेनिटरी प्याडको हुने रु.९२७९२३।६८ को सम्वन्धित लाभग्राहिलाई वितरण गरी सोको भरपाई पेश हुनुपर्दछ । | |
| ८६.३ | | | ख) पालिकाले उच्च गुणस्तरको सेनिटरी प्याडको मितव्ययी ढंगले खरीद गरी विद्यार्थीहरुलाई वितरण गर्नुपर्नेमा आर्थिक बर्षको अन्तिममा खरीद सम्झौता गरी खरीद गरेको छ । लागत अनुमान र स्पेशिफिकेसन अनुसार आपूर्तकको विजकको परीक्षण गर्दा सो सामानको स्पेशिफिकेसनखुलेको पाईएन ।सामानको आपूर्ति पश्चात सोको गुणस्तर समेत परीक्षण गरीएको देखिदैन जसले गर्दा सामानको अवस्था समेत खुल्न सकेन । अत: यस्तो खरीद कार्य गर्दा स्पेशिफिकेसन सहितको लागत अनुमान तयार गरी सोही अनुसारको सामान खरीद र गुणस्तर परीक्षण गर्नुपर्ने देखिन्छ । | |
| ८७ | | | **महिला स्वास्थ्य स्वयसेविका रीफ्रेसर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९।२।१२-२९ सम्म विभिन्न मितिमा ७ वटा स्वास्थ्य संस्थामा ८३ जना महिला स्वास्थ्य स्वयसेविकाहरुलाई रीफ्रेसर तालिम प्रदान गरेको जनाई स्वास्थ्य शाखा प्रमुख राम निवास यादवलाई गो.भौ.१८९।०७९।३।८ बाट रु.३०००००।–भुक्तानी दिएको छ । सो कार्यक्रमको विल भरपाई परीक्षण गर्दा ८३ वटा व्याग खरीदको रु.८३०००।–खर्च दावि गरेकोमा सोको वितरण भरपाई संलग्न गरेको छैन । अतः सोको प्रमाण पेश हुने अन्यथा सम्वन्धितबाट असूल हुने, रु. | ८३,००० |
| ८८ | | | **तरकारी पकेट विकास** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८८.१</td><td></td><td></td><td>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको४.१.४ मा साना व्यावसायीक उत्पादन कृषिकेन्द्र (पकेट) विकास कार्यक्रमको लागि छनौट गर्दा तरकारी खेतिको लागि न्युनतम क्षेत्रफल २० हेक्टर र संख्याको मापदण्ड पुरा गरेको फर्मलाई छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले यस बर्षको लागि प्राप्ततरकारीबालीको लागि १ नयाँ कार्यक्रम संचालनको लागि जारि गरेको सूचना मध्ये दुई वटा मात्र फर्मको प्रस्ताव परेको र सोहि अनुसार कार्यपालिकाको निर्णय वमोजीम दुर्गा कृषक समुह वडा नं ३ लाई छनौट गरेको पाईयो । पालिकाले छनौट गरेको समुहले पेश गरेको प्रस्तावको परीक्षण गर्दा न्युनतम मापदण्ड पुग्ने क्षेत्रफल पुगेको नदेखिएकोमा पालिकाले छनौटको सूचक के लिएको हो सोको यकिन हुन आएन । पालिकाले दुर्गा कृषक समुहले पेश गरेको प्रस्ताव अनुसार कूल लागत रु.२३३५०००।–मध्ये २०७९।१।८ को सम्झौताको आधारमा पालिकाको योगदानको हुने रकम गो.भौ.२१०।०७९।३।१९ बाट रु.१०६४५४४।–भुक्तानी दिएको छ । यसरी न्युनतम मापदण्ड नपुगेको अवस्थामा समेत केवल खर्च गर्ने उदेश्यले उत्प्रेरीत भई खर्च गरेको रकम नियमसम्मत नदेखिएको, रु.</td><td>१,०६४,५४४</td></tr>
<tr><td>८८.२</td><td></td><td></td><td>क) कृषक समुहले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको४.१.४ मा उल्लेखित मापदण्ड पुरा गरेको आधारमा सम्झौता भएको जनाएकोमा कुन कुन कृषकले कुन कित्ताको कति क्षेत्रफलमा व्यावसायीक तरकारी खेती गर्ने हो सो सम्वन्धमा उल्लेख गरेको छैनन जसले गर्दा पेश गरेकै क्षेत्रफलमा तरकारी खेती गरेको छन भन्नी विश्वसनियता देखिएन । अतः पालिकाले छनौट गर्दा उल्लेखित आधारलाइ मनन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८८.३</td><td></td><td></td><td>ख)फर्मले सम्झौता अनुसारको कार्य गरेको जनाई पालिकाले गो.भौ.२१०।०७९।३।१९ बाट रु.१०६४५४४।–भुक्तानी दिएको छ । तर पालिकाले समयमा नै कृषक छनौट गरी तरकारी खेतिको लागि उपयुक्त समयमा नै सम्झौता गरेको देखिएन । बर्षान्तमा र बर्षाको सिजनमा तरकारी वालीको लागि उपयुक्त समय नदेखिने तथा कार्यमा असहजता तथा प्रतिफल कम हुने हुदा समयमा नै कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८८.४</td><td></td><td></td><td>ग)कृषक समुहले देहाय लागायतको विभिन्न सामान खरीद गर्दा सार्वजनिक खरीद ऐन, नियमावलीको पालना गरेको पाईएन ।साथै समुहले खरीद गरेको सामानहरु मध्ये यस बर्ष कुन कुन कृषकको लागि के के आवश्यकता हो सो को आधारमा निर्णय गरी खरीद तथा वितरण गर्नुपर्ने देखिन्छ । तर समुहले खरीद गरी सोको भरपाई मात्र संलग्न गरेकोले आवश्यकता अनुसारको सामान कृषकले पाएको र समुहमा भएको पारदर्शिता सम्वन्धमा आश्वस्त हुन सकिएन । पालिकाले सो तर्फ समेत ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>खरीद सामान</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>टिलर खरिद</td><td>२ थान</td><td>३४००००।-</td></tr>
<tr><td>२</td><td>डिजेल पम्पसेट ५Hp</td><td>१० थान</td><td>४७५०००।-</td></tr>
<tr><td>३</td><td>पावर टिलर १८Hp</td><td>२ थान</td><td>४५००००।-</td></tr>
<tr><td>४</td><td>वाटर पम्प २Hp</td><td>५ थान</td><td>१२५०००।-</td></tr>
<tr><td>५</td><td>होडा पम्पसेट र मिनि टिलर</td><td>५ थान</td><td>४३६१३४।-</td></tr>
<tr><td>६</td><td>मोटर पम्पसेट</td><td>१ थान</td><td>२५०००।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>शिक्षा तर्फको करार कर्मचारीलाई सुविधा - सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को परिपत्र अनुसार स्वीकृत दरबन्दी करारमा रहेका व्यक्तिलाई मात्र चाडपर्व खर्च, महङ्गि भत्ता र पोशाक सुविधा उपलब्ध गराउने उल्लेख छ। पालिकामा कार्यरत अस्थायी एवं दरवन्दि भन्दा वाहिरकावाससंयोजक (छैठौं) अजयसिंहक्षेत्रीलाई चाडपर्व खर्च र पोशाक खर्च जनाई रु.५३६८९।-खर्च लेखेको छ । पालिकाको स्विकृत दरवन्दिमा नरहेकोमा यसरी परिपत्रको प्रावधान विपरीत सुविधा नपाउने कर्मचारीलाई भुक्तानी दिएकोले अनियमित देखिएको रु.</td><td>५३,६८९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **पाम्सको प्रयोग** - नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS)आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ ।पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फखरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरू समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ । | |
| ९१ | | | **Febrication Of Steel Parts खरीद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा नं २ र ५ जोड्ने गुलरीया सिपवा दानव खोलाको झोलुङ्गे पुलको लागि आवश्यकपर्नेFebrication Of Steel Parts खरीद को लागि एस.के.ईन्जिनियरीङ्ग ईण्डष्ट्रिज वुटवल सँग २०७८।२।१५ सम्म आपूर्ति गर्नेगरी ठेक्का नं १।०७७-०७८ बाट रु.२४४०४६५।–मा २०७७।१२।६ मा सम्झौता गरेको पाईयो ।सम्झौता अनुसारको मितिमा आपूर्तकले कार्यसम्पन्न गर्नुपर्नेमा २०७८।३।२४ मितिको निवेदन पालिकाले दर्ता गरी राखेको साथै प्रकृया अगाडि बढाउनको लागि तोक आदेश लगाएको पाईयो । समयमा आपूर्तकले म्याद थपको लागि निवेदन दिएको नपाईएकोमा पालिकाले २०७८।३।२८ को कार्यपालिकाको निर्णय अनुसार २०७।५।५ सम्मको म्याद थप गरेको छ । पालिकाले थपेको समयसिमामा समेत सामान आपूर्ति नभएको र २०७८।५।२० मा मात्रै सामान आपूर्ति गरेको तथा २०७८।६।६ मा ल्याव टेष्ट भएको छ । यसरी थपिएको अवधी भन्दा ५ दिन ढिला समान आपूर्ति गरेकोमा सो अवधीको पालिकाले हर्जना असूल गर्नुपर्नेमा नगरेकोले नियमानुसारको हुने रु.६१०१।–असूलसहित कार्यसम्पन्नगर्नुपर्ने देखिन्छ, रु. | ६,१०१ |
| ९२ | | | **वडा नं ६ स्वास्थ्य चौकि भवन निर्माण** | |
| ९२.१ | | | सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ६ स्वास्थ्य चौकि भवन निर्माणको (ठे.नं २।०७७-७८) लागि शाह निर्माण सेवाको रु.४६८४१२७।२५ को प्रस्ताव स्विकार गरी २०७८।२।२५ सम्ममा कार्यसम्पन्न हुने गरी २०७७।८।८ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी अन्य विवरण निम्नानुसार छन । | |
| ९२.२ | | | क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ।सम्झौता अनुसार निर्माण व्यवसायीले २०७८।२।२५ सम्ममा कार्यसम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले म्याद थपको लागि २०७८।३।२२ मा निवेदन दिएको तथा पालिकाले कार्यपालिकाको २०७८।३।२८ को निर्णय वमोजिम जनाई २०७८।४।२२ को पत्रबाट २०७८।९।२५ सम्मको म्याद थप गरेको जानकारी दिएको छ । पालिकाले तोकेको समयमा पुनः कार्यसम्पन्न नगरी निर्माण व्यवसायीले २०७९।१।१५ को विल बाट कार्यसम्पन्न तथा अन्तिम विलको भुक्तानी माग गरेको र पालिकाले सोहि आधारमा गो.भौ.१२।०७९।१।१६ बाट रु.५३५५७१९।८५ को कार्यस्विकारपत्र पेश भई रु.३६७६९६५।-भुक्तानी दिएको छ । निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेकोमा ११० दिनको हुने पूर्वनिर्धारीत क्षतिपूर्ति रु.२५७६२७।-असूल गर्नुपर्नेमा पालिकाले असूल गरेको नपाईएकोले पालिकाबाट यकिन गरी असूल गर्नुपर्ने देखिन्छ, रु. | २५७,६२७ |
| ९२.३ | | | ख) निर्माण व्यवसायीले २०७९।१।१५ मा पेश गरेको विल तथा नापि किताव र कार्यस्विकारपत्रको परीक्षण गर्दा BOQ को देहायका आईटम नं मा नापि कितावमा च्यानल गेटको भाग घटाउनुपर्नेमा नघटाई विलमा चढेको पाईयो । यसरी विलमा बढीपरीमाण चढाई भुक्तानी भएको रकम रु.१७४३६।-सम्वन्धीतबाट असूल हुने, रु. | १७,४३६ |

| सि.नं | BOQ आईटम नं | हुनुपर्ने | भएको | बढी परीमाण | रकम रु. |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आईटम नं १०</td><td>८३.८५</td><td>८५.३१</td><td>१.४६ Cm</td><td>१४८४९।-</td></tr>
<tr><td>२</td><td>आईटम नं १५</td><td>६६८.६७</td><td>६९०.१९</td><td>३.५२ Cm</td><td>११९४।-</td></tr>
<tr><td>३</td><td>आईटम नं १६</td><td>६६८.६७</td><td>६९०.१९</td><td>३.५२ Cm</td><td>५९७।-</td></tr>
<tr><td>४</td><td>आईटम नं १८</td><td>६६८.६७</td><td>६९०.१९</td><td>३.५२ Cm</td><td>७९६।-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१७४३६।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>कृतिम गर्भाधान - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले कृतिम गर्भाधारण मिसन कार्यक्रम अन्तर्गत दि लाईन ईण्टरनेशनल प्रा.ली. बाट विभिन्न सामान खरीद गरेको जनाई गो.भौ.१३७।०७८।१२।१७ बाट रु.३९३२४०।-भुक्तानी खर्च देखाएको छ । पालीकाले कृतिम गर्भाधान सेवा प्रदान गर्नको लागि पालिकामा उपलब्ध जनशक्ती रहेको साथै ओविओटि तर्फ समेत कर्मचारी रहेकोमा यस बर्ष कृतिम गर्भाधानको सेवा उपलब्ध गराउन नसकेको विवरण पेश गरेको छ । अत जनस्तरमा आवश्यक कृतिम गर्भाधानकोसेवा प्रदान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।यसरी पालिकामा दक्ष जनशक्ती रहेको अवस्थामा कृषकहरुलाई बर्षभर सेवा प्रदान नहुनु तर सो कार्यको लागि सामान खरीद हुनु नियमसम्मत देखिदैन, रु.</td><td>३९३,२४०</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>लघुउद्यम कार्यक्रम</td><td></td></tr>
<tr><td>९४.१</td><td></td><td></td><td>गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न ९ कार्यक्रमको लागि यस बर्ष रु २५६००००।- रकम विनियोजन भएकोमा सोहि अनुसारको खर्च गरेको पाईयो । पालिकाले यस बर्ष सिलाई कटाई, व्युटि पार्लर, बाख्रापालन, तरकारी खेति, कुखुरापालन लगायतका सिपमूलक तालीम प्रदान गरेको छ । यसरी तालीम प्राप्त उद्यमी मध्ये विभिन्नलाई सामानहरु वितरण गर्ने गरेको पाईयो । गरीवी निवारणको लागि विनियोजित रकमबाट यस्तो कार्यक्रमहरु संचालन गरेकोमा बार्षिक रुपमा पालिकाले सम्पन्न गरेको कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९४.२</td><td></td><td></td><td>क)पालिकाले सम्भाव्य उत्पादनको उत्पादकत्व र वजार प्रतिशपर्धा बृद्धि गर्नको लागि कम्तिमा ५ जना कृषक समुहलाई प्रविधी हस्तान्तरण गरेको जनाई गो.भौ.१९०।०७९।३।८ बाट मुकेश कुमार चौधरीलाई रु.३८४५६९।–भुक्तानी दिएको छ । पालिकाले सो कार्यक्रम संचालन गर्ने गरी लघु उद्यम विकास समितिले २०७८।११।२ गते निर्णय गरेको देखिएकोमा देहायअनुसारको सामान वितरण गरेतापनि कुन कुन वडालाई छनौट गर्ने र सो मध्ये कुन कुन र के कति मापदण्ड पुगेका समुहलाई छनौट गर्ने हो सोको निर्णय गरेको पाईएन । यसरी यस्ता वितरणमुखी र जनसरोकारका कार्यक्रम संचालन गर्दा निश्चित मापदण्ड बनाई वितरण गर्नुपर्नेमा सो अनुसार भएको नदेखिएकोले नियमसम्मत नदेखिएको, रु.
<table>
<tr><th>सि.नं</th><th>सामाग्री</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सिलाई मेशिन</td><td>४</td><td>६३०००।-</td></tr>
<tr><td>२</td><td>उन्नत जातको बाख्राको पाठापाठी</td><td>१६</td><td>१६९२८०।-</td></tr>
<tr><td>३</td><td>वाटरपम्प १ एच.पी., जि.आई</td><td>१४</td><td>१५४२८९।-</td></tr>
</table>
</td><td>३८४,५६९</td></tr>
<tr><td>९५</td><td></td><td></td><td>घटना दर्ता - अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । राष्ट्रिय परीचयपत्र तथा पञ्जीकरण विभागको बार्षिक कार्यक्रम अनुसार पालिकामा सामाजिक सुरक्षा तथा व्यक्तीगत घटना दर्ता प्रणाली सुदृढ आयोजना अन्तर्गत व्यक्तीगत घटना</td><td>९८५,३३७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दर्ता, सामाजिक सुरक्षा, सामाजिक सुरक्षा विवरण तथा गुनासो दर्ता जस्ता कार्यक्रमको लागि संघिय वजेटबाट रकम विनियोजन भएको पाईयो । विनियोजित रकमबाट पालिकाले विभिन्न कार्यक्रम गरी वचतबाट पुन: पालिका अन्तर्गतको सवै वडाहरुमा घटना दर्ता सम्वन्धी कार्यक्रम गर्ने गरी लागत अनुमान समेत तयार नगरी विभिन्न फर्महरुबाट दरभाउपत्र लिएको र सो मध्ये कम कवोल अंकको भएको जनाई भिजन न्युज नेटवर्क प्रा.ली. को रु.९८५३३७।–को प्रस्ताव स्विकृत गरी २०७८।१२।२२ मा सम्झौता गरेको पाईयो । सार्वजनिक खरीद नियमावली, २०६४ को नियम २७ मा परामर्श सेवा खरीद गर्दा प्रस्तावकको योगयताका आधारहरु तोकेकोमा पालिकालाई छोटो समयमा एकै पटक ७ वडामा कार्यक्रम संचालन गर्दा चाहिने कम्तीमा २१ जनाको जनशक्ती लगायतको आधारहरु फर्मले पुरा गरेको देखिदैन । पालिकाले यसरी प्रस्तावकको योग्यता नपुगेको अवस्थामा तथा पालिका कै कर्मचारीबाट कार्यक्रम संचालन गर्न सकिने अवस्थामा सो पहल नगरी लागत अनुमान वेगर वाह्य प्रस्तावक छनौट गरी गो.भौ.१५२।०७९।१।२२ बाट रु.९८५३३७।–भुक्तानी दिएको छ । सो फर्मको प्रतिवेदन अनुसार ७ स्थानमा कार्यक्रम संचालन गरेकोमा एकै दिनमा ३ स्थानमा शिविर संचालन भएकोमा जनशक्ती कुन प्रयोग भयो र के कस्तो योग्यता पुगेको जनशक्ती प्रयोग भयो उल्लेख गरेको छैन । सो शिविरमा ७ स्थानमा जम्मा २०३ वटा घटना मात्रै दर्ता भएको सो संस्थाले उल्लेख मात्र गरेको छ । यसरी कम प्रतिफलको कार्यमा सार्वजनिक खरीद ऐन, नियमावलीको विपरीत कार्य गरेको उक्त रकम नियमसम्मत नदेखिएको, रु. | |
| ९६ | | | **नविकरणिय उर्जा** - सार्वजनिक खरिद, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालिकाले विभिन्न स्थानमा सोलार वत्ती जडान गर्ने प्रयोजनको लागि जनाई लागत अनुमान एवं स्पेशिफिकेशन समेत नबनाई बर्षान्तमा दरभाऊपत्र माग गरी पटक पटक देहायका फर्महरुले पेश गरेको रकमको आधारमा सम्झौता गरेको जनाई रु.८०००००।–भुक्तानी दिएको छ । पालिकाले यसरी लागत अनुमान नबनाई पटक पटक खरीद गर्दा खरीद प्रकृया प्रतिशपर्धी देखिएन । पालिकाले विनियोजित सो वजेटबाट कहाँ कहाँ र के के योजना संचालन गर्ने हो सो सम्वन्धी निर्णय समेत गरेको छैन । यसरी लागत अनुमान र प्रतिश्पर्धा विनाको खरीद रकम नियमसम्मत नदेखिएको, रु. | ८००,००० |

| सि.नं | गो.भौ।मिति | खरीद फर्म | रकम रु. |
|---|---|---|---|
| १ | ६।०७८।११।२० | सनटेक सोलार सोलुसन | १३४४००।- |
| २ | ९।०७८।१२।९ | सनटेक सोलार सोलुसन | १९७४००।- |
| ३ | १३।०७९।२।९ | सनटेक सोलार सोलुसन | ११५१३०।- |
| ४ | २१।०७९।३।१४ | सम्वृद्ध नेपाल ईनर्जि प्रा.ली. | ३५३०७०।- |
| **जम्मा** | | | **८०००००।-** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९७ | | | **टिनको घर कार्यक्रम** | |
| ९७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले ७ वटा वडाहरुमा १/१ वटा टिनको घर निर्माणको (ठे.नं ११।०७८-७९) लागि अलिजा निर्माण सेवाको रु.३३६८४३४।९४ को प्रस्ताव स्विकार गरी २०७९।३।३० सम्ममा कार्यसम्पन्न हुने गरी २०७९।२।१८ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी अन्य विवरण निम्नानुसार छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९७.२ | | | क) पालिकाले निर्माण व्यवसायीले पेश गरेको प्रथम विल गो.भौ.२०।०७९।३।१४ बाट रु.२३८८८९१।–भुक्तानी दिंदा पि.एस.आईटम ल्याव टेष्टको रु.२८२५०।–को पुनः कर विजकमा समावेश गरी मूल्यअभिवृद्धि कर रु.३२५०।–समेत समावेश गरी बढी भुक्तानी भएको पाईयो । त्यसैगरी सो ल्याव टेष्टको रकम रु.२८२५०।–लाई दुई पटक जोडेर भुक्तानी दिएको पाईएकोले जम्मा बढी भुक्तानी रु.३१५००।–सम्वन्धीत निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएकोले उक्त रकम असूल गर्नुपर्ने देखिन्छ, रु. | ३१,५०० |
| ९७.३ | | | ख) पालिकाले ७ वटा वडाहरुमा १/१ वटा टिनको घर निर्माणको (ठे.नं ११।०७८-७९) लागि अलिजा निर्माण सेवासँग रु.३३६८४३४।९४ मा ठेक्का सकार गरेर कार्य गराई कार्यसम्पन्न रु.३३८८४१६।३१ को बनाई सोको भुक्तानी समेत भएको छ । पालिकाले क-कसको लागि घर आवश्यक हो र के कस्तो मापदण्डको आधारमा घर निर्माण गरीदिने हो सो सम्वन्धमा निश्चित मापदण्ड बनाएको देखिएन । साथै कुन कुन वडामा क-कसको घर निर्माण गर्ने हो सो सम्वन्धमा कुनै निर्णय गरेको पाईएन जसले गर्दा पारदर्शिता तथा आवश्यकताको आधारमा घर बनेको छ भनि आश्वस्त हुनसक्ने अवस्था देखिएन । यस्तो निर्णय वेगरको घर निर्माण खर्च रकम नियमसम्मत नदेखिएको, रु. | ३,३८८,४१६.३१ |
| ९७.४ | | | ग) अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकाले तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतको उल्लेखित योजनामा संघिय शशर्तबाट ७०% र गा.पा.बाट ३०% योगदान रहने गरी संपन्न गर्नुपर्नेमा पालिकाले शशर्त पूँजिगतबाट मात्रै शत प्रतिशत खर्च गरी पालिका पूँजीगतबाट खर्च लेखेको छैन । पालिकाले सो योजनामा खर्च गरेको रकम मध्ये ३०% योगदानको हुने रु.१०१६५२४।५० पालिका पूँजीगतबाट खर्च गर्नुपर्नेमा संघिय पूँजीगत शिर्षकबाट मात्र गरेको देखिएकोले बढी भुक्तानी रकम संघिय संचित कोषमा फिर्त पठाउनुपर्ने देखिएको, रु. | १,०१६,५२५.५ |
| ९८ | | | **वेनिनगर झोलुङ्गेपुल** - सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । पालिकाले वडा नं २ र ५ जोड्ने झोलुङ्गे पुल निर्माणको लागि रु.४२१२४६८।४९ पालिकाको तर्फबाट र रु.१६०८०६।२४ उपभोक्ताको योगदान रहने गरी तथा २०७८।१।२७ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०७७।१०।२७ मा सम्झौता गरेको पाईयो । पालिकाले प्रथम विल गत आर्थिक बर्षमा रु.१६३८२३९।–भुक्तानी दिएको विवरण पेश गरेकोमा यस आर्थिक बर्षमा सो योजनाको लागि बस्तुगत अनुदानको लागि रु.२४४०४६५।–को फेब्रिकेटर खरीद गरेको भएतापनिउपभोक्ता समितिले निर्माण कार्यको विल पेश गरेको छैन । यसरी तोकिएको समयमा सम्पन्न गर्नुपर्ने योजना लामो समयसम्म पनि सम्पन्न नभएकोले सो कार्य तोकिएको लागत अनुमान अनुसार सम्पन्न नहुने तथा जनमानसले सो पुलको समय मैं उपभोग गर्नबाट वञ्चित हुने हुँदा समयमा कार्यसम्पन्न गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ९९ | | | **सुरक्षित आवास** - सुरक्षित नागरीक आवास कार्यन्वयन कार्यविधी, २०७५ को दफा ४ मा सम्वन्धित स्थानिय तहको समन्वयमा संघिय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहिले हाल प्रयोग गरीरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची -१ वमोजिमको अंक प्रदान गरी प्रथमिकताको आधारमा सूचि तयार गर्ने उल्लेख छ । त्यस्तै अनुसूची १ मा जग्गाको स्वामित्व भएको, ढुङ्गाको, बाँस, चिरपट।कट्टेरोको गाह्रो भएको, खपटा, टायल, स्याउला, प्लाष्टिकको छाना भएको र जग्गाको क्षेत्रफल ३० वर्गफिट भन्दा कम भएकोलाई प्रथमिकता दिने उल्लेख छ । तर पालिकाले यस बर्ष सुरक्षित नागरीक आवासको लागि रु.२५०००००।–रकम विनियोजन भएकोमा लाभग्राहीको छनौट गरी उपलव्ध गराएको देखिएन । विनियोजित रकम सोहि कार्यक्रममा खर्च गरी लक्ष्य हाँसिल गर्ने सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| १०० | | | **प्राविधिक बील र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>वडा नं ३ स्वास्थ्य चौकि भवन निर्माण</td><td></td></tr>
<tr><td>१०१.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ३स्वास्थ्य चौकि भवन निर्माणको (ठे.नं १।०७७-७८) लागि एस.एस.के.निर्माण सेवा प्रा.लि.को रु.५४८३३३०।०८ को प्रस्ताव स्विकार गरी २०७८।३।२५ सम्ममा कार्यसम्पन्न हुने गरी २०७७।८।७ मा सम्झौता गरेको पाईयो । सो सम्वन्धी अन्य विवरण निम्नानुसार छन ।</td><td></td></tr>
<tr><td>१०१.२</td><td></td><td></td><td>क)सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ।सम्झौता अनुसार निर्माण व्यवसायीले २०७८।३।२५ सम्ममा कार्यसम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले म्याद थपको लागि २०७८।३।१८ मा निवेदन दिएको तथा पालिकाले कार्यपालिकाको २०७८।३।२८ को निर्णय वमोजिम जनाई २०७८।४।२२ को पत्रबाट २०७८।९।२५ सम्मको म्याद थप गरेको जानकारी दिएको छ । पालिकाले तोकेको समयमा पुनः कार्यसम्पन्न नगरी निर्माण व्यवसायीले २०७८।९।२५ को मितिमा कार्यसम्पन्न भएको जानकारी दिएको भएतापनि गो.भौ.३०।०७९।३।२४ बाट मात्रै कार्यसम्पन्न तथा अन्तिम विलको भुक्तानी रु.१९४८२२५।-दिएको छ । यसरी पौषमा कार्यसम्पन्न जनाएको योजनाको ६ महिना पश्चात् भुक्तानी हुनु तथा नापि किताबमा समेत कुन मितिमा नापि भएको हो उल्लेख नहुनुले पूर्वनिर्धारीत क्षतिपूर्ति छल्ने उदेश्य सहित भुक्तानी मागको निवेदन म्याद भित्र दिएको प्रष्ट्याउँछ । पालिकाले लामो समयसम्म काम सम्पन्न नगर्ने व्यवसायीलाई पूर्वनिर्धारीत क्षतिपूर्ति सहित म्याद थप गर्नेतर्फ समेत ध्यानदिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०१.३</td><td></td><td></td><td>ख)निर्माण व्यवसायीले पेश गरेको विल तथा नापि किताव र कार्यस्विकार पत्रको परीक्षण गर्दा BOQ को देहायका आईटमको नापि कितावमा च्यानल गेटको भाग घटाउनुपर्नेमा नघटाई विलमा चढेको र सोको आधारमा नै गो.भौ.३०।०७९।३।२४ बाट अन्तिम विलको भुक्तानी रु.१९४८२२५।-भएको पाईयो । यसरी विलमा बढीपरीमाण चढाई भुक्तानी भएको रकम रु.१२६३४।-सम्वन्धीतबाट असूल हुने, रु.
<table>
<tr><th>सि.नं</th><th>BOQ आईटम नं</th><th>हुनुपर्ने</th><th>भएको</th><th>बढी परीमाण</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>आईटम नं १०</td><td>८३.८५</td><td>८५.३१</td><td>१.०२ Cm</td><td>११५२६।-</td></tr>
<tr><td>२</td><td>आईटम नं १५</td><td>७७०.२८</td><td>७७२.७३</td><td>२.४५ Cm</td><td>४९८।-</td></tr>
<tr><td>३</td><td>आईटम नं १६</td><td>७७०.२८</td><td>७७२.७३</td><td>२.४५ Cm</td><td>२७७।-</td></tr>
<tr><td>४</td><td>आईटम नं १८</td><td>७७०.२८</td><td>७७२.७३</td><td>२.४५ Cm</td><td>३३३।-</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१२६३४।-</td></tr>
</table></td><td>१२,६३४</td></tr>
<tr><td>१०२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्ड उल्लेख छ। जसअनुसार उपदफा (३) मा कुनै कार्यको भ भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सीमा भित्र रही रीतपूर्वकको कागजात प्राप्त भएको मितिले १५ दिन भित्र भुक्तानी आदेश दिने अधिकारिले भुक्तानी दिनुपर्दछ।पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कटया प्रा.वि.लाई चार कोठे भवन निर्माण प्रयोजनको लागि गो.भौ.२९।०७९।३।२४ बाट रु.३६०००००।-रकम निकासा</td><td>३,६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दिएकोमा विल भरपाई बेगर विद्यालयको खातामा रोक्का राखी भुक्तानी खर्च लेखेकोले ऐनको उपरोक्त प्रावधान विपरीत खर्च लेखेको पाइयो।यसरी रकम फ्रिज नगर्ने गरी एक आर्थिक वर्षको विनियोजित रकम निकासा दिई रोक्का राख्नु बजेट खर्च सिद्धान्त विपरीत समेत भएकोले सोको कार्यसम्पन्न गराई प्रतिवेदन पेश हुनुपर्ने देखिएको रु | |
| १०३ | | | **खोप अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न मितिमा गरी १२ जनाले खोप कार्यक्रमको अनुगमन जनाई गो.भौ.२६६।०७९।३।२२ बाट रु.१४००००।–खर्च लेखेको छ । पालिकाले खर्च जनाएको पदाधिकारीहरु मध्ये क-कसले कुन कुन दिमा र कहाँको अनुगमन गरेको हो सो खुलेको देखिदैन । यसरी विना प्रमाण खर्च गरेको रकम नियमसम्मत नदेखिएको, रु | १४०,००० |
| १०४ | | | **अनुगमन तथा सम्परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाले ऐनको उपरोक्त प्रावधान बमोजिम देहाय बमोजिमको व्यहोराहरू संपरीक्षणको लागि पेश गरेको छः | |

| क्र.सं. | आ.व. | बेरुजु दफा नं | बेरुजुको व्यहोरा | फछ्र्यौटको आधार | रकम |
|---|---|---|---|---|---|
| १. | २०७६।०७७ | ४१,४२ र ९३ | बैठक भत्ताः तोकेको सदस्य बाहेकले बैठक भत्ता बुझेको | बेरुजु रकम बैंक दाखिला गरेको | ६३३२५ |
| २. | २०७६।०७७ | ३२ र ४९ | भुक्तानीमा करः अग्रिम आयकर कट्टी नगरेको | बेरुजु रकम बैंक दाखिला गरेको | १५७२१ |
| ३. | २०७६।०७७ | ७६ | फिल्ड भत्ताः रमानापत्रमा फिल्ड भत्ता दिन बाँकी उल्लेख नभएकोमा छुट फिल्ड भत्ता भुक्तानी | बेरुजु रकम बैंक दाखिला गरेको | ६००० |
| ४. | २०७६।०७७ | ५० | बैठक भत्ता भुक्तानीः दोहोरो भत्ता भुक्तानी | बेरुजु रकम बैंक दाखिला गरेको | ४२५० |
| ५. | २०७६।०७७ | ३७ | सम्झौता विपरित भुक्तानीः कार्यालयले घर भाडामा लिदाको सम्झौता विपरित भुक्तानी | बेरुजु रकम बैंक दाखिला गरेको | २२०००० |
| ६. | २०७६।०७७ | २९.१ | प्रमाण पेश गर्नुपर्नेः सामाजिक सुरक्षा भत्ता वितरण अन्तर्गत लाभग्राहीको खाता र नागरिकता नं. दोहोरो परेको | दुवै व्यक्ति फरक फरक रहेको भनी साईन रेसुङ्गा बैंक र सेन्चुरी कमर्सियल बैंकद्वारा प्रमाणित गरी पत्र पठाएको | ७२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | २०७६।० ७७ | ३०.२ | निर्माण व्यवसायी कोषः राजन निर्माण सेवालाई अन्तिम विल भुक्तानी गर्दा निर्माण व्यवसाय कोषमा दाखिला नभएको | राजन निर्माण सेवाले दाखिला गर्नुपर्ने रकम बैंक दाखिला गरी भौचर पेश गरेको | १८३४० |
| ८. | २०७६।० ७७ | १४.२ | बढी भुक्तानीः ठेक्का नं. १३।०७५।०७६ यादव निर्माण सेवालाई बढी भुक्तानी | बढी भुक्तानी भएको रकम बैंक दाखिला गरेको | ४४४३६ |

गत वर्षसम्मको बेरुजुमा यो वर्ष संपरीक्षण भई बाँकी रहेको बेरुजु निम्नानुसार छन्:

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १२७२२१००० | ४४४०७२ | १२६७७६९२८ |